श्री

विशेष अदालत काठमाडौं

इजलास नं.१

अध्यक्ष माननीय श्री बासुदेव आचार्य

सदस्य माननीय श्री हेमन्त रावल

सदस्य माननीय श्री विदुर कोइराला

**आदेश**

मुद्दा नं. ०८२-CR-०१५४

निवेदन नं. ०८३-OA-०१०७

नेपाल सरकार........................................................................................... वादी

विरुद्ध

शेखर गोल्छा ..........................................................................................प्रतिवादी

मुद्दाः सम्पत्ति शुद्धीकरणसमेत।

यसमा बयानका लागि निवेदनसाथ उपस्थित भएका प्रतिवादी शेखर गोल्छाको बयान कार्य सम्पन्न भई थुनछेक आदेशको प्रयोजनार्थ पेस भएको प्रस्तुत मुद्दामा निज प्रतिवादीले गरेको बयानसहितको मिसिल कागजात अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट बहसका लागि उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री भीमसेन काफ्ले, विद्वान् सहायक न्यायधिवक्ता श्री विकास वञ्जारा र प्रतिवादी शेखर गोल्छाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चन्डेश्वर श्रेष्ठ, विद्वान् अधिवक्ताहरू श्री सूर्यराज दाहाल, श्री रमणकुमार कर्ण, श्री तिलक विक्रम पाण्डे, श्री समिर शर्माले गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादी शेखर गोल्छाले हिमालयन रिइन्सुरेन्स कम्पनी लिमिटेडको अध्यक्षको रुपमा रही सो संस्थाको अतिरिक्त शेखर गोल्छाले व्यक्तिगत रुपमा समेत गैरकानूनी उद्देश्यलाई सहयोग पुग्ने गरी आफ्नो TMS खाता ब्रोकर नम्बर ५५ मा नरहँदा नरहँदै रु. ५२,५०,०००००।- शेयर बजारमा लगानी गर्न भनी उपलब्ध गराएको रकम तथा सो कम्पनिका तर्फबाट संस्थागत रुपमा समेत रु.२,७३,३३,१५,१६०।०३ रकम उक्त ब्रोकर कम्पनिमा पठाई सो ब्रोकर कम्पनिबाट सहप्रतिवादी दीपक भट्ट समेतको नाममा शेयरहरु खरिद गर्ने गराउने कार्य गरी निज प्रतिवादीहरूसमेतको आपराधिक षडयन्त्र सहितको योजना बमोजिम नेपाल रिइन्सुरेन्सको शेयर खरिदमा प्रयोग गरी सो कम्पनीको शेयरको मूल्यमा उतारचढाव ल्याउने एवं कृत्रिम मूल्य बृद्धि गरी गराई सोबाट गैरकानूनी लाभ लिने एवं माग र आपूर्तिबीच असन्तुलन सिर्जना गरी निरन्तर रुपमा आफू लाभान्वित भइरहने योजना बमोजिम निजहरूले गरेको कार्यबाट सम्पत्ति शुद्धीकरणको कसूरमा निजहरूको संलग्नता रहे भएको तथ्यगत आधार देखिन आएको हुँदा कसूरबाट प्राप्त सम्पत्तिको

गैरकानूनी स्रोत लुकाउने, छल्ने, कसूरवाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत र अधिकार एवं स्वामित्व लुकाउन त्यस्तो रकम प्राप्ति, धारण र प्रयोग समेत गरी प्रतिवादी शेखर गोल्छाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग)ले निषेधित कार्यहरू गरी सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य पुष्टि भएको देखिँदा प्रतिवादी शेखर गोल्छालाई संस्थागत रूपमा गरेको सम्पत्ति शुद्धीकरण कार्यको हकमा हिमालयन रिइन्सुरेन्सको सञ्चालकको हैसियतले लगानी समितिको निर्णयलाई एकमुष्ट अनुमोदन गरी प्रतिवादी दिपक भट्ट समेतको निजी प्रयोजनका लागि बीमकको कोष दुरुपयोग गरी ब्रोकर नं. ५५ लाई दिएको रकम रु.२,७३,३३,१५,१६०।०३ (दुइ अर्ब त्रिहत्तर करोड तेतिस लाख पन्ध्र हजार एक सय साठी रुपैया तीन पैसा) र भृकुटी ब्रोकरमा व्यक्तिगत रुपमा जम्मा गरेको ५२,५०,००,०००।— समेत बिगो कायम गरी प्रतिवादी शेखर गोल्छालाई उल्लेखित रु.२,७३,३३,१५,१६०।०३ (दुई अर्ब त्रिहत्तर करोड तेतीस लाख पन्ध्र हजार एक सय साठी रुपैयाँ तीन पैसा) संस्थागत बिगो र भृकुटी ब्रोकरमा जम्मा गरेको रु. ५२,५०,००,०००।— व्यक्तिगत बिगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनका साथै प्रतिवादीले कसूरबाट प्राप्त गरेको सम्पत्ति ऐ. दफा ३४ (२) बमोजिम जफत हुन मागदावी लिई प्रस्तुत आरोपपत्र दायर भएको देखिन आयो।

आज बयानका लागि इजलास समक्ष उपस्थित प्रतिवादी शेखर गोल्छाले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष तथा यस अदालतमा बयान गर्दा, हिमालयन रि-इन्सुरेन्सको अध्यक्षको हैसियतले मैले कुनै अधिकार नै प्रयोग गरेको छैन। हिमालयन रि-इन्सुरेन्सको तर्फबाट व्यावसायिक प्रयोजनको लागि कति रकम कहाँ गयो भन्ने विषयमा मलाई जानकारी पनि थिएन छैन, उक्त विषय कार्यकारीको जानकारीको विषय हो। मेरो भूमिका भनेको कार्यकारी प्रकृतिको होइन। जहाँसम्म शेयर कर्नरिङ गरेको, दिपक भट्ट समेतका प्रतिवादीसँग मिलेमतो गरेको भन्ने आरोप छ उक्त आरोपमा सत्यता छैन। मैले कुनै शेयर खरिद बिक्री समेत गरेको छैन। रु.५२ करोड ५० लाख रुपैयाँ ब्रोकर नं.५५ लाई प्रतिवादी शुलभ अग्रवालको विश्वासमा परेर नै बैंकिङ माध्यमबाट नै रकम पठाएको हुँ। तर बजार अनुकूल नहुँदा जोखिम हुने महशुस गरी मैले शेयर कारोबार नगर्ने मनसाय राखी पैसा फिर्ता मागेको हुँ। अरुले के कति शेयर खरिद गरे नगरेको विषयमा मलाई जानकारी छैन। शुलभ अग्रवालसँग शेयर कारोबार गर्ने विषयमा कुनै कम्पनीको शेयर कर्नरिङ गर्ने वा मिलेमतोमा शेयर कारोबार गर्ने मनसायले गरेको होइन। आरोपदावी बमोजिमको कसुर नगरेकोले अभियोग पत्र बमोजिम सजाय हुनुपर्ने वा कुनै शेयर जफतसमेत हुनुपर्ने होइन, प्रस्तुत आरोपदावीबाट सफाई पाउँ भनी आरोपदावीमा इन्कार रही बयान गरेको देखिन्छ।

उपर्युक्त परिप्रेक्ष्यमा अब यी प्रतिवादी शेखर गोल्छाको हकमा प्रस्तुत मुद्दाको पुर्पक्ष गर्दा निजलाई थुनामा राख्ने वा निजसँग धरौटी माग गर्ने वा निजलाई साधारण तारिखमा राखी पुर्पक्ष गर्नुपर्ने के हो भन्ने बारेमा आदेश गर्नुपर्ने अवस्था देखियो। त्यस सम्बन्धमा विचार गर्दा, अनुसन्धानको क्रममा संकलित विवरण एवं सूचनाहरू, यी प्रतिवादी शेखर गोल्छा हिमालयम रिइन्स्योरेन्स कम्पनि लिमिटेडको अध्यक्ष रहेको अवस्थामा ब्रोकर नं. ५५ को कम्पनिले विभिन्न मितिमा पत्र लेखी हिमालयन

रिइन्स्योरेन्स कम्पनि लिमिटेडबाट उक्त ब्रोकर कम्पनिलाई रु.२,७३,३३,१५,१६०।०५ बराबरको रकम उपलब्ध गराएको र सोही रकमबाट सहप्रतिवादी दीपक भट्टको नाममा रु.२,७३,३३,१५,१६०।०५ बराबरको शेयर खरिद गरेको, ब्रोकर नं.५५ को कम्पनिले रु.६२,००,००,०००।— बराबरको रकम सहप्रतिवादी सुलभ अग्रवालको पत्नीलाई कर्जा बापत भनी उपलब्ध गराएको भन्ने अनुसन्धानको क्रममा संकलित कागज प्रमाणहरूबाट खुल्न आएको छ। प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ हुँदा यी प्रतिवादी हिमालयन रिइन्स्योरेन्स कम्पनिको संचालक अध्यक्षके रुपमा रहेको र मिति २०८२।११।२५ मा मात्र उक्त पदबाट राजिनामा दिएको भन्ने निजके बयानबाट देखिएको छ। यी प्रतिवादीले व्यक्तिगत तवरले समेत ब्रोकर नं ५५ को कम्पनिलाई रु.५२,५५,००,०००।— दिएकोमा सो रकम तथा हिमालयन रिइन्सयोरेन्सले दिएको संस्थागत रकम समेत असुल हुन बाँकी रहेको तथ्यलाई यी प्रतिवादीले आज यस अदालतमा बयान गर्दा समेत स्वीकार गरेको देखिन्छ। २०८२ जेठ-असारमा आधारभूत शेयरधनीका रुपमा हिमालयन रिइन्स्योरेन्स कम्पनिले खरिद गर्न पाउने सीमाभन्दा बाहिर गई गार्डियन माइक्रोलाइफ इन्सयूरेन्स समेतका अन्य कम्पनिहरूको अत्यधिक शेयर खरीद गरेको भन्ने समेत अनुसन्धानको क्रममा संकलित शेयर खरीद विवरणहरूबाट खुल्न आएको छ। यी प्रतिवादीले ब्रोकर नं ५५ को कम्पनिलाई दिएको रकम तथा हिमालय रिइन्स्यूरेन्स कम्पनिले दिएको रकमको सम्बन्धमा प्रचलित बीमा ऐन, २०७९ र धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम यी प्रतिवादी समेत उपर काठमाडौं जिल्ला अदालतमा सम्बद्ध कसुरतर्फ आरोपदावी लिई मुद्दा दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको समेत देखिएको छ।

माथि उल्लिखित तत्काल प्राप्त आधार प्रमाणहरूको रोहबाट हेर्दा निज प्रतिवादी शेखर गोल्छाको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (घ) को अवस्था विद्यमान रहेको देखियो। तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी शेखर गोल्छाको भूमिका एवं संलग्नता समेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दा पुर्पक्षको लागि यी प्रतिवादी शेखर गोल्छाबाट नगद धरौटी रु.१००,००,०००।— (एक करोड रुपैयाँ) वा सो बराबरको बैंक जमानत लिई निजलाई तारिखमा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू। उल्लिखित माग गरिएको धरौटी रकम वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम निज प्रतिवादीलाई थुनूवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइदिनू।

सदस्य　　　　सदस्य　　　　अध्यक्ष

आदेश सुनी सहीछाप गर्ने प्रतिवादी

शेखर गोल्छा

इति सम्वत् २०८३ साल साउन २६ गते रोज ३ शुभम् ...........................।



Scanned with CamScanner